## नेपाल सरकार

# श्रम तथा रोजगार मन्त्रालयको सूचना

नेपाल सरकारले वैदेशिक रोजगार ऐन २०६४ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी कतारमा काम गर्न जाने कामदारको लागि देहाय बमोजिम न्यूनतम पारिश्रमिक तोकेकोले राजपत्रमा सूचना प्रकाशन भएको मितिले सात दिन पछि लागू हुने गरी सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | कामदारको वर्गीकरण | न्यूनतम पारिश्रमिक | भत्ता | कैफियत |
|---|---|---|---|---|
| १ | अदक्ष | प्रति महिना न्यूनतम कतारी रियाल नौं सय। | खाना, बस्न, औषधोपचार, दुर्घटना वीमा, काममा जाने र फर्कने यातायात खर्च र कतारको श्रम कानून बमोजिम रोजगारदाताले व्यहोर्नु पर्ने अन्य खर्चहरू। | खाना निःशुल्क वा खाना भत्ता वापत कतारी रियाल न्यूनतम तीन सय प्रति महिना। |
| २ | अर्धदक्ष | प्रति महिना न्यूनतम कतारी रियाल एक हजार एक सय। | खाना, बस्न, औषधोपचार, दुर्घटना वीमा, काममा जाने र फर्कने यातायात खर्च र कतार को श्रम कानून बमोजिम रोजगारदाताले व्यहोर्नु पर्ने अन्य खर्चहरू। | खाना निःशुल्क वा खाना भत्ता वापत कतारी रियाल न्यूनतम तीन सय प्रति महिना। |
| ३ | दक्ष | प्रति महिना न्यूनतम कतारी रियाल एक हजार पांच सय। | खाना, बस्न, औषधोपचार, दुर्घटना वीमा, काममा जाने र फर्कने यातायात खर्च र कतार को श्रम कानून बमोजिम रोजगारदाताले व्यहोर्नु पर्ने अन्य खर्चहरू। | खाना निःशुल्क वा खाना भत्ता वापत कतारी रियाल न्यूनतम तीन सय प्रति महिना। |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।